**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २५ नवम्बर २०२५**

*समयः १८:५० – १९:०० बजे*

**मुख्य समाचार**

- पश्चिम बंगालमा चलिरहेको विशेष गहन संशोधन, एस.आइ.आर प्रक्रियापछि निर्वाचन आयोगले राज्यको मतदाता सूचीबाट १० लाखभन्दा बढी नाम हटाइने अनुमान गरेको छ।
- निर्वाचन आयोगले बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीलाई पत्र पठाएर आयोग तृणमूल कांग्रेसको प्रतिनिधिमण्डलसँग भेट्न तयार रहेको जानकारी दिइएको छ।
- राज्यपाल डा. सी.वी. आनन्द बोसले पश्चिम बंगालको राजनीतिक विवाद एवं तनावको कारण राज्यको स्थितिमाथि गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ।
- पश्चिम बंगालका १६ लाखभन्दा बढी मानिसहरूले अर्को वर्षको विधानसभा चुनाव अघि आवास पाउने भएको छ।
- मिरिक लगायत दार्जिलिङमा उत्पादित मन्दारिन सुन्तलाले जी.आई–को मान्यता प्राप्त गरेको छ।

**एस.आइ.आर- नामावली**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन संशोधन, एस.आइ.आर प्रक्रियापछि निर्वाचन आयोगले राज्यको मतदाता सूचीबाट १० लाखभन्दा बढी नाम हटाइने अनुमान गरेको छ। यो अनुमान दुई-स्तरीय अधिकारीहरूद्वारा संकलित र बी.एल.ओ एपमा अपलोड गरिएका फारमहरूको प्रारम्भिक मूल्याङ्कनमा आधारित छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयका स्रोतहरूले भने अनुसार हटाइने नामहरूमा मृतक मतदाताहरू, दोहोरिएका प्रविष्टिहरू, स्थायी रूपमा अन्य राज्यहरूमा बसाइँ सरेका मतदाताहरू र हराएका वा अनुपलब्ध मतदाताहरू समावेश छन्। स्रोतहरूले मेटाइने सबैभन्दा बढी संख्या मृतक मतदाताहरूको श्रेणीमा लगभग छ लाख 50 हज़ार रहेको संकेत गराएको छ। स्रोतहरूले भने कि फारमहरू संकलन गर्ने र बीएलओ एपमा अपलोड गर्ने प्रक्रिया जारी छ त्यसैले आयोगले मस्यौदा मतदाता सूची प्रकाशित गरेपछि मात्र सही तथ्याङ्क स्पष्ट हुने बताएको छ। मस्यौदा सूची ९ डिसेम्बरमा जारी गरिनेछ। मुख्य निर्वाचन अधिकृत मनोज कुमार अग्रवालले फारम बुझाउने अन्तिम मिति ४ डिसेम्बर रहेको र कुनै पनि परिस्थितिमा यसलाई बढाइने छैन भनि बताइएको छ।

**निर्वाचन आयोग पत्र**

तृणमूल कांग्रेसले अनुरोध गरेको समयको आधारमा निर्वाचन आयोगले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीलाई पत्र पठाएको छ जसमा आयोग तृणमूल कांग्रेसको प्रतिनिधिमण्डलसँग भेट्न तयार रहेको जानकारी दिइएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीको कालीघाट निवासमा पठाइएको पत्रमा भनिएको छ कि तृणमूल कांग्रेसले आयोगसँग भेटघाटको लागि अनुरोध गरेको थियो र आयोगले औपचारिक रूपमा त्यो अनुरोधमा सहमति जनाएको छ। तृणमूल कांग्रेसका राज्यसभा नेता डेरेक ओब्रायनले आयोगलाई प्रतिनिधिमण्डलसँग भेटघाटको लागि अनुरोध पठाउनु भएको छ। जवाफमा आयोगले सबै राजनीतिक दलहरूसँग रचनात्मक वार्ताको लागि सधैं खुला रहेको बताएको छ। यसैको आधारमा तृणमूल कांग्रेसका प्रतिनिधिहरूसँग भेटघाटको मिति तय गरिएको छ।

*आयोगले २८ नोभेम्बर शुक्रबार बिहान ११ बजी दिल्लीस्थित आफ्नो मुख्यालयमा बैठकको प्रस्ताव गरेको छ र तृणमूल कांग्रेसलाई पाँच सदस्यीय प्रतिनिधिमण्डलको नाम बुझाउन पनि भनेको छ। वास्तवमा मुख्यमन्त्री ममता बनर्जीले हालैका दिनहरूमा मतदाता सूचीहरूको विशेष गहन संशोधन एस.आइ.आरमा आपत्ति जनाउँदै आउनु हयेको छ। गत हप्ताए उहाँले प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई पत्र पठाउनु हुँदै स.आइ.आर प्रक्रिया निलम्बनको माग गर्नु भएको थियो। उहाँले लेख्नु भएको पत्रमाए ममता ब्यानर्जीले निर्वाचन आयोगले लिएका दुई निर्णयहरूमाथि थप प्रश्न उठाउनु भयो। उहाँले आरोप लगाउनु भएको थियोए जिल्ला स्तरमा पहिले नै कर्मचारीहरू हुँदाहुँदै पनि राज्यका लागि एक हजार डाटा एन्ट्री अपरेटर र ५० सफ्टवेयर विकासकर्ताहरू नियुक्त गर्ने प्रस्ताव बनिरहेको छ। उहाँले यो पनि भन्नु भयोए आयोगले निजी स्वामित्वमा रहेका भवनहरूलाई मतदान केन्द्रमा रूपान्तरण गर्ने योजनामा विचार गरिरहेको छ जसले नयाँ चिन्ताहरू उत्पन्न गर्दछ।*

## राज्यपाल डा. सी.वी. आनन्द बोस

पश्चिम बंगालको राज्यपाल डा. सी.वी. आनन्द बोसले पश्चिम बंगालको राजनीतिक विवाद एवं तनावको कारण राज्यको स्थितिमाथि गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ। राज्यको यस स्थितिमाथि गम्भीर चिन्ता व्यक्त गर्नु हुँदै राज्यपाल डा. सी.वी. आनन्द बोसले आज भन्नुभयो केही राजनीतिक तत्वहरूले समाजमा भ्रम फैलाएर परिवेशलाई बिगार्ने चेष्टा गरिरहेका छन् जुन अत्यन्त दुर्भाग्यपूर्ण छ। राज्यपाल बोसले बताउनु भयो कुनै अप्रिय वा योजनाबद्ध घटनाको सूचनाप्राप्त हुनसाथ उहाँले तुरून्तै प्रभावित क्षेत्रको भ्रमण गर्नुभएको थियो। उहाँले भन्नु भयो समाजमा अस्थिरता फैलाउनको लागि केही भौंतारिएका राजनीतिक नेताहरूद्वारा अप्नाइएको रणनीति न त स्वीकार्य छ न समाजको हितमै छ। उहाँले हालैमा मुर्शिदाबादका एकजना विधायकको उत्तेजक बयानको उल्लेख गर्नु हुँदै भन्नुभयो यस्तो बयानले समाजलाई विभाजन गर्ने काम गर्छ अनि स्थितिलाई झन् बढ़ी तनाउपूर्म बनाउँछ। राज्यपालले भन्नु भयो उहाँको दौड़ाहको उद्देश्य धरातलीय स्थितिको मूल्यांकन गर्नु अनि सुरक्षा सुनिश्चित गर्नको लागि प्रभावकारी कदम उठाउनु हो। आज बिहान राज्यपाल रानाघाट जंक्शन रेलवे स्टेशनमा पुगनु भयो अनि उहाँ ट्रेनमार्फत मुर्शिदाबादतर्फ प्रस्थान हुनु भयो। उहाँले जिल्लाको भारत-बंगलादेश सीमाको निरीक्षण गर्नु भयो। उहान्ले भन्नुभयो सीमावर्ती क्षेत्रहरूको स्थितिलाई बुझ्न एवं सुरक्षा व्यवस्थालाई सुदृढड़ बनाउन आत्यावश्यकता माथि जोड़ दिनुभयो।

## मुख्यमन्त्री- देवकी कुमार बसु

बंगाली तथा भारतीय फिल्म जगतका अग्रदूतहरूमध्ये एक देवकी कुमार बसुको जन्मजयन्तीमा आज मुख्यमन्त्री ममता ब्यनर्जीले उहाँलाई स्मरण गर्नु हुँदै भावपूर्ण श्रद्धाञ्जली दिनु भएको छ। उहाँले लेख्नु भएको छ, बंगला तथा भारतीय चलचित्रका प्रमुख पथप्रदर्शक देवकी कुमार बसुको जन्वार्षिकीमा म उहाँलाई हृदयबाटै श्रद्धाञ्जली अर्पण गर्दछ। देवकी कुमार बसुको जन्म पश्चिम बंगालको बर्धमान जिल्लामा भएको थियो। युवावस्थामा उहाँले शक्ति नामक पत्रिकाको सम्पादन गर्दथे जुन शक्तिगढ़बाट प्रकाशित हुन्थ्यो।। महात्मा गान्धीको असहयोग आन्दोलनबाट प्रभावित भएर उनले कलेजको पढ़ाई बीचमै छोड़ेर स्वतन्त्रता आन्दोलनमा सामेल भए। १६३२ सालमा उनका दुईवटा फिल्म निशिर डाक औ चण्डीदास का बनी। चण्डीदासको अपार सफलताले उनलाई व्यापक लोकप्रियता दिलायो। त्यसपछि उनी बंगाली तथा भारतीय सिनेमाका शीर्ष निर्देशकहरूको श्रेणीमा सामेल भए। देवकी कुमार बसुको योगदानलाई आज पनि भारतीय सिनेमामा सम्मान अनि गर्व पूर्वक स्मरण गरिन्छ। उनका सृजनात्मक कार्यहरूले फिल्मलाई नयाँ दिशा तथा नयाँ भाषा प्रदान गर्‍यो जुन भावी पिँढ़ीको लागि प्रेरणाको श्रोत भइरहेको छ।

## बंगाल आवास योजना

पश्चिम बंगालका १६ लाखभन्दा बढी मानिसहरूले अर्को वर्षको विधानसभा चुनाव अघि आवास पाउनेछन्। राज्य सचिवालयका एक वरिष्ठ अधिकारीले आज यो जानकारी दिनु भएको छ। उहाँले भन्नुभयो राज्य सरकारले अर्को वर्षको जनवरीको मध्यसम्ममा बंगला बारी आवास योजना अन्तर्गत 16 लाख 36 हजार 522 नयाँ घरहरू योग्य लाभार्थीहरूलाई हस्तान्तरण गर्नेछ। उहाँले आरोप लगाउनु भयो केन्द्र सरकारले निरन्तर रकम रोकिरहेको छए तैपनि राज्य सरकार योजनालाई अगाडि बढाउन प्रतिबद्ध छ। अधिकारीका अनुसार अहिलेसम्म लाभार्थीहरूलाई १२ लाख घरहरू प्रदान गरिएको छ र सरकारले बाँकी लाभार्थीहरूलाई समयमै आवास प्रदान गर्ने लक्ष्य राखेको छ। अधिकारीले थप भयो केन्द्रीय सहयोगको अभावको बाबजुद पनि राज्य सरकारले गरिब र विपन्न परिवारहरूको लागि योजनाहरूमा कुनै कमी नआएको सुनिश्चित गरेको छ।

## दार्जिलिङमा कम्युनिकेसन आउट रिच कार्यक्रम

प्रधानमन्त्री विकसित भारत कार्यक्रम अन्तर्गत चार दिवसीय कम्युनिकेसन आउट रिच कार्यक्रम आजदेखि दार्जिलिङमा शुरु भएको छ। स्थानीय हिमालयन पर्वतारोहण संस्थानमा आयोजित चार-दिवसीय यस कार्यक्रमको अवधि जीएसटीए पोस्ट अफिसका विभिन्न योजना साइबर क्राइम रोकथाम लगायतका विषयमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने आयोजक समितिले जानकारी दिएको छ। कार्यक्रममा विभिन्न निकायहरूले आफ्ना योजनाहरूबारे जानकारी दिनको निम्ति विभिन स्टलहरू पनि सञ्चालनमा रहने आयोजक समितिले बताएको छ।

**सन्दकफुमा महिला पर्यटकको मृत्यु**

सन्दकफु घुम्न आउने क्रममा एक महिला पर्यटकको मृत्यु भएको छ। मृतकको पहिचान कोलकाताको जादवपुर निवासी रहेको बताइएको छ। हिजो पर्यटकको मृत्यु भयो। जीटीएका उपाध्यक्ष राजेश चौहानले महिलाको शव कोलकाता पठाउन सबै व्यवस्था गरिएको बताउनु भएको छ। यसैबीच सन्दकफु जस्ता उच्च उचाइमा जानुअघि पर्यटकहरूको शारीरिक जाँच वा उमेर जाँच किन गरिँदैन भन्ने प्रश्न उठिरहेको छ।

**दार्जिलिङ सुन्तला जीआईको मान्यता प्राप्त**

मिरिक लगायत दार्जिलिङमा उत्पादित मन्दारिन सुन्तलाले जीआई (भौगोलिक संकेत ) को मान्यता प्राप्त गरेको छ। यस उपलब्धिको प्रमाणपत्र केही दिनभित्रमा हाथमा पर्ने जानकारी रिजनल रिसर्च स्टेशन कालेबुङका पूर्व प्राध्यापक डा. तुलसी शरण घिमिरेले दिनु भएको छ। उहाँले आज मिरिकमा दार्जिलिङ अरेन्ज फार्मर्स प्रोड्युसर्स अर्गनाइजेसन मिरिक महकुमाद्वारा आयोजित एक कार्यक्रममा उपस्थित सुन्तला कृषकहरु तथा अर्गनाइजेसनका सदस्यहरुलाई उक्त जानकारी गराउनु भएको हो। अर्गनाइजेसनका संयोजक एवं योजना निर्देशक जीवनकुमार राईद्वारा सञ्चालित कृषक कार्यक्रमलाई सम्बोधन गर्दै डा. घिमिरेले भन्नु भयो वर्ष २०२२ देखि मिरिकका सुन्तला कृषकहरुको सक्रिय संस्था दार्जिलिङ अरेन्ज फार्मर्स प्रोड्युसर्स अर्गनाइजेसनका चेयरमेन मनोज सुब्बाको नेतृत्वमा मिरिक, दार्जिलिङ पहाडमा उत्पादन हुने स्वादिष्ट अनि रसिलो मन्दारिन सुन्तलालाई जिआईको मान्यता दिनु पर्ने विषयमा प्रक्रिया शुरु गरेपछि आफुले गम्भीरतापूर्वक पहल गरेको जानकारी दिनु भएको छ। यसरी नै दार्जिलिङ अरेन्ज फार्मर्स प्रोड्युसर्स अर्गनाइजेसनका चेयरमेन मनोज सुब्बाले यस उपलब्धिको लागि डा. तुलसी शरण घिमिरे लगायत सम्पूर्ण टोली अनि भारत सरकारको उद्योग अनि वाणिज्य मन्त्रालयप्रति आभार व्यक्त गर्नु हुँदै मन्दारिन सुन्तलाले पाएको भौगोलिक संकेतले दार्जिलिङ पहाडका कृषकहरुलाई स्थापित हुने सुनौलो अवसर प्रदान गरेको बताउनु भएको छ।

***********